कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन
वर्ष २, अङ्क १२, २०७२ जेठ Vol 2, Issue 12, June 2015

# आयोगद्वारा अन्तरिम प्रतिवेदन पेश



अर्थमन्त्री डा. रामशरण महतलाई अन्तरिम प्रतिवेदन पेश गर्नुहुँदै आयोगका पदाधिकारीहरु

काठमाडौं। उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले अर्थमन्त्री डा. रामशरण महतलाई आफ्नो अन्तरिम प्रतिवेदन पेश गरेको छ। प्रतिवेदन ग्रहण गर्नुहुँदै अर्थमन्त्री डा. रामशरण महतले आगामी वर्षको बजेटमा गरिने कर प्रणाली सुधारका लागि आयोगको प्रतिवेदन सहयोगी हुने विश्वास व्यक्त गर्नुहुँदै आयोगलाई धन्यवाद दिनुभयो। उहांले आयोगले दिने अन्तिम प्रतिवेदनका सुझाव क्रमशः कार्यान्वयन गर्दै जान सरकार प्रतिवद्ध रहेको समेत बताउनु भएको छ।

आयोगले आफ्नो प्रतिवेदनमा मूल्य अभिवृद्धि करमा रहेको न्यून बिजकीकरण र भन्सारमा रहेको न्यून मूल्यांकन नै कर प्रणालीमा मुख्य समस्या भएको जनाएको छ। अर्थमन्त्री महतसमक्ष प्रतिवेदन पेश गर्नुहुँदै आयोगका अध्यक्ष डा. रुपबहादुर खड्काले राजस्व प्रणालीमा लागू गरिएको प्रथम चरणको सुधारले हासिल गरेको परिणाम अन्तर्राष्ट्रिय स्तरको तुलनामा सन्तोषजनक रहेकोले सरकारले हाल लिएको राजस्व नीतिको आधारभूत कार्यदिशामा ठूलो परिवर्तन गर्नुपर्ने नदेखिए पनि केही नीतिगत, संस्थागत र कार्यविधिगत सुधार गरी दोश्रो चरणको कर प्रणाली सुधार गर्ने उपयुक्त समय आएको बताउनुभयो। दोश्रो चरणमा कर प्रणाली सुधार गर्दा भने सरकारले निजी क्षेत्रलाई करको दरमा स्थिरता हुने कुराको विश्वास दिलाई लगानीलाई प्रोत्साहन गर्नुपर्ने खड्काले बताउनुभयो। मूल्य अभिवृद्धि करको सक्षमता र उत्पादकत्वको हिसाबले हेर्दा दक्षिण एसियामा नै नेपालको अवस्था राम्रोबाँकी ३ पेजमा....

## सार्क सक्षम अधिकारीहरूको चौथो वैठक दिल्लीमा सम्पन्न

सार्क राष्ट्रका सक्षम अधिकारी (Competent Authorities) हरुको चौथो वैठक भारतको नयाँ दिल्लीमा २०७२ वैशाख १० देखि ११ सम्म तदनुसार (अप्रिल २३ देखि २४, २०१५) ३९ बुँदे प्रतिवेदन पारित गर्दै सम्पन्न भएको छ। सो वैठकमा



महानिर्देशक श्री चुडामणि शर्मा लगायत अन्य पदाधिकारीहरु

आन्तरिक राजस्व विभागका महानिर्देशक तथा नेपालको सक्षम अधिकारी श्री चुडामणि शर्माको नेतृत्वमा तीन सदस्यीय प्रतिनिधि मण्डल सहभागी रहेको थियो। सो प्रतिनिधि मण्डलमा अर्थ मन्त्रालयका उप सचिव श्री भीमकुमार नेपाल तथा आन्तरिक राजस्व विभागका शाखा अधिकृत श्री प्रकाश शर्मा ढकाल रहनु भएको थियो। वैठकमा सार्क राष्ट्रका अफगानिस्तान बाहेक सवै देशका सक्षम अधिकारी सहितकोबाँकी १२ पेजमा....

## ऑखीझ्याल

आयोगद्वारा आर्थिक पत्रकारहरु संग छलफल — पृष्ठ ३
मदिरा व्यवसायीसंग विभागको अन्तर्क्रिया — पृष्ठ ५
जस्ता पाता उद्योगीहरुसंग विभागको छलफल — पृष्ठ ९



# महानिर्देशकको सन्देश

**मुलुक अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको बेला सबैले आ–आफ्नो क्षेत्रबाट राष्ट्रप्रतिको वफादारिता र दायित्व पूरा गर्ने कुरामा अग्रसर भएर लाग्न म सबैमा आव्हान समेत गर्न चाहन्छु । जे जस्ता सुकै परिवर्तन र सुधारका एजेण्डाहरु आएतापनि आन्तरिक श्रोतको परिचालनमा बढोत्तरी ल्याउनका लागि कर प्रणालीका रहेका तत्वहरुमा सदाचारिता, सहयोग र समन्व्य अत्यावश्यक रहने हुँदा विद्यमान व्यवस्था र सम्भाव्य परिवर्तनलाई आत्मसात गरी राष्ट्रप्रतिको दायित्व निर्वाहमा एकजुट हुन म सबैमा आग्रह गर्दछु ।**

हामी अहिले आर्थिक वर्ष २०७२/०७३ को बजेट निर्माणको संघारमा छौं । मुलुकमा भर्खरै गएको विनाशकारी भूकम्पले निम्त्याएको आर्थिक संकट र क्षतिग्रस्त संरचनाको सम्वर्द्धन र पुनर्निर्माणका लागि थप श्रोतको आवश्यकता यस क्रममा देखिएको छ । त्यसैले हामीले क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण र विपतमा परेका जनतालाई राहत उपलब्ध गराउनका लागि करका नयाँ क्षेत्रहरु समेतको पहिचान गरी आन्तरिक श्रोतको प्रभावकारी परिचालनमा रणनीतिक हिसावले कार्य योजना बनाई जुट्नु पर्ने बेला आएको मैले महसुश गरेको छु ।

एकातर्फ क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण र पुनस्थापनाका लागि थप आर्थिक स्रोतको आवश्यकता रहेको छ भने अर्कातर्फ थप आर्थिक श्रोतको लागि करारोपण गर्ने क्षेत्रमा विनाशकारी महाभूकम्पले पुऱ्याएको क्षतिको वास्तविक मूल्यांकन गरी सत्य तथ्यको आधारमा कर प्रशासनले उचित निर्णय गरिदिनु पर्ने पनि छ । कर प्रशासन र करदाताबीच मैत्रीपूर्ण सम्बन्ध र व्यवहार देखिने र पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि आवश्यक थप श्रोत पहिचान गर्न दुवै पक्ष उत्तिकै जिम्मेवारीपूर्वक प्रस्तुत हुने विश्वास पनि मैले लिएको छु ।

मुलुक अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको बेला सबैले आ-आफ्नो क्षेत्रबाट राष्ट्रप्रतिको वफादारिता र दायित्व पूरा गर्ने कुरामा अग्रसर भएर लाग्न म सबैमा आव्हान समेत गर्न चाहन्छु । जे जस्ता सुकै परिवर्तन र सुधारका एजेण्डाहरु आएतापनि आन्तरिक श्रोतको परिचालनमा बढोत्तरी ल्याउनका लागि कर प्रणालीका रहेका तत्वहरुमा सदाचारिता, सहयोग र समन्व्य अत्यावश्यक रहने हुँदा विद्यमान व्यवस्था र सम्भाव्य परिवर्तनलाई आत्मसात गरी राष्ट्रप्रतिको दायित्व निर्वाहमा एकजुट हुन म सबैमा आग्रह गर्दछु ।

कर प्रशासनले कर प्रणाली सुधारका लागि शुरु गरेका दुई वटा कामहरु अन्तिम चरणमा पुगेका छन् । समग्र कर प्रणाली सुधारका लागि सिफारिस गर्न बनेको उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले गहन अध्ययन पश्चात् आफ्नो प्रारम्भिक प्रतिवेदन पेश गरिसकेको छ भने अन्तिम प्रतिवेदन तयारीको क्रममा रहेको छ । करदातासँग आपसी समझदारीबाट विवादित कर बक्यौता व्यवस्थापनको लागि गठित कर फछ्र्यौट आयोगले पनि विभिन्न क्षेत्रका करदाताहरुसँग आपसी समझदारीमा सम्झौता गरी कर वक्यौता असुलीमा योगदान गरिरहेको छ । यी दुइवटा आयोगको कार्यक्षेत्र अनुसार कार्य सम्पादन भए पश्चात् कर प्रशासनमा वृहत्तर परिवर्तन आउने विषयमा आशावादी हुँदै आगामी कार्य दिशाका लागि हामीले कर प्रणालीका तिनवटै तत्वहरु कर कानुन, करदाता, कर प्रशासनमा गर्नुपर्ने सुधारका कार्यहरु सम्पादन गरी व्यवसायिक र तथ्यपरक कर प्रणालीको अवलम्बन हुने मैले विश्वास लिएको छु ।

यसका साथै, आन्तरिक राजस्व विभागले प्रशासन गर्ने करहरु आयकर, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको प्रभावकारी परिचालन गर्नका लागि करदाताको वास्तविक संख्या र उनीहरुले योगदान गरेको कर रकमको विश्लेषण गरी कर संकलन लागत कटौती गर्दै कर प्रशासनको दक्षता अभिवृद्धि गर्नुपर्ने आवश्यकता पनि हाम्रो सामु रहेबाट यस तर्फ पनि थप कार्यहरु गर्नु पर्ने भएकोले यसतर्फ हामी नीतिगत तथा कार्यगत रुपमा अगाडि बढ्नुपर्ने देखिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा कर सम्बन्धमा आएका नवीन अवधारणाहरुलाई आत्मसात गर्दै तत् तत् अवधारणाले सिर्जना गरेका चुनौति र अवसरको सामना र उपयोग गर्नका लागि योजनावद्ध ढंगले अगाडि बढी आन्तरिक श्रोत परिचालनमा अग्रणी संस्थाको रुपमा आफूलाई स्थापित गराउनका लागि आज समग्र कर प्रशासनको काँधमा ठूलो जिम्मेवारी आएको हुँदा यो जिम्मेवारी बुद्धिमत्ता र सदाचारिताका साथ निर्वाह गर्नका लागि एकजुट भएर लाग्न म मातहत सबै कर्मचारीहरुलाई निर्देश गर्दछु ।

अन्त्यमा, क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण र पीडितहरुलाई राहत र आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोतको प्रभावकारी परिचालनमा जोड दिइ उपलब्ध स्रोतको उच्चतम उपयोगद्वारा आर्थिक समृद्धि र समुन्नतिको बाटो तर्फ अग्रसर गराइ सन् २०२२ सम्ममा अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने मुलुकको सपना साकार पार्नमा सबै एकजुट भई राष्ट्र निर्माण जस्तो अत्यन्त महान कार्यमा सबैको सहयोग, योगदान, सद्भाव र समन्वय होस् भन्ने कामना गर्दछु । धन्यवाद ।

असार, २०७२

**चुडामणि शर्मा**
महानिर्देशक

# आयोगद्वारा आर्थिक पत्रकारहरुसंग छलफल

काठमाडौं । उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग र आर्थिक क्षेत्रसंग सम्बन्धित पत्रकारहरुसंग विद्यमान कर प्रणाली सुधार सम्बन्धी विषयमा जेठ २५ गते सोमवार अन्तर्क्रिया सम्पन्न भएको छ ।

अन्तर्क्रिया कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले मुलुक एकात्मक राज्यबाट संघात्मक राज्यमा परिवर्तन हुन लागेकाले देशमा आगामी दिनमा कस्तो कर प्रणाली लागू गर्दा ठीक होला भन्ने सुझावहरु आयोगको तर्फबाट सरकारलाई दिनका लागि अन्तिम चरणमा रहेको बताउनुभयो। साथै उहाँले यति छोटो समयमा नै यति विस्तृत सुझाव प्रस्तुत गर्नु भएकोमा उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोगको टिमलाई धन्यवाद समेत दिनुभयो ।

महानिर्देशक श्री शर्माले आयोगले देशभरका विभिन्न नियामक निकाय, व्यवसायीहरुसंग छलफल गरेर नै सुझावहरु संकलन गरिएको जानकारी दिन्हुँदै आगामी बजेटमा ५१३ अर्ब राजस्वबाट संकलन गर्ने लक्ष्य रहेतापनि मुलुकमा आएको महाभूकम्प र त्यसपछि लगातार आइरहेको पराकम्पनले होटल तथा पर्यटन क्षेत्रमा आर्थिक कारोवार नभएको, अपार्टमेन्टहरुमा गरिएका लगानीहरु संकटमा रहेको, मदिरा उद्योगहरुमा परेको नकारात्मक प्रभावले त्यो सीमा घटेर ४ सय ६० अर्वमा सीमित हुन लागेको जानकारी दिनुभयो। उहांले असार मसान्तमा आउने तेस्रो किस्ता वापतको रकम व्यवसायीले समायोजन हुने हिसावले मात्रै बुझाउने आंकलन गरिएको हुंदा वार्षिक लक्ष्य पुग्ने संभावना कम रहेको जानकारी दिनुभयो। कर प्रशासनमा हुने विवादलाई समाधान गर्नको लागि कर फछ्र्यौट आयोगको विकल्पको रुपमा स्थायी प्रकृतिको विवाद समाधान समिति गठन हुनुपर्ने सुझाव आयोगको तर्फबाट दिइएको जानकारी दिनुभयो ।



महानिर्देशक श्री चुडामणि शर्मा, आयोगका अध्यक्ष डा. रुप खड्का लगायत अन्य पदाधिकारीहरु

कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष श्री रुपबहादुर खड्काले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। उहांले नेपालको कर प्रणालीको वर्तमान स्वरुप र संरचना राम्रो भएको तर मुलुकको राजनीति तथा आर्थिक अवस्था र अन्तर्राष्ट्रिय प्रतिवद्धताको सन्दर्भमा कर प्रणालीमा केही समायोजनको खांचो रहेको बताउनुभयो । करका सैद्धान्तिक मान्यता तथा अन्तर्राष्ट्रिय स्तरका राम्रा अभ्यासलाई मध्यनजर राखेर आयोगले विभिन्न सुझाव दिएको बताउनुभयो। आयोगले दिएका सुझावको कार्यान्वयनबाट नेपालको कर प्रणाली अरु परिमार्जित हुने अपेक्षा रहेको कुरा उल्लेख गर्नुभयो ।

उहाँले केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहमा लगाउन उपयुक्त करहरु, संघीय व्यवस्थामा कर प्रणालीका स्वरुप, मूल्य अभिवृद्धि कर, आय कर, पुनर्निर्माण कर जसमा विभिन्न प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त अर्थतन्त्रको पुनर्निर्माण गर्न आवश्यक राजस्व संकलन गर्न विभिन्न देशले विभिन्न प्रकारका पुनर्निर्माण करहरु लगाएकाले सन्दर्भलाई नेपालले पनि पुनर्निर्माण कर लगाउन सुझाव दिएको बताउनुभयो । सन् २०१६ देखि साफ्टा कार्यान्वयन हुने सन्दर्भमा नेपालले ५ प्रतिशतभन्दा बढी पैठारी महसुल लगाउन नसक्ने सन्दर्भमा आधारभूत कच्चा पदार्थको रुपमा मात्र प्रयोग हुने पदार्थमा शून्य दर, बहुप्रयोग भएका कच्चा पदार्थ, केमिकल्स, मेशिनरी, अर्धतयारी वस्तुमा तल्लो तहको दर र अन्य वस्तुमा माथिल्लो तहको दर कायम गरिनु पर्ने सुझाव दिएको जानकारी समेत दिनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री अर्जुनप्रसाद पोखेल, श्री लक्ष्मीप्रसाद यादव, निर्देशकहरु श्री गोपाल घिमिरे, श्री सम्झना बराल, उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सदस्य श्री सुदर्शनराज पाण्डे, श्री माधव ढकाललगायतको उपस्थिति रहेको थियो ।

१ पेजको बांकी

रहेको खड्काले उल्लेख गर्नुभयो। आयोगले संघीय संरचनामा हुनुपर्ने कर प्रणालीको स्वरुप, मूल्य अभिवृद्धि करलाई राजस्वको मेरुदण्डका रुपमा विकसित गर्न आगामी दिनमा गर्नुपर्ने सुधार, अनौपचारिक अर्थतन्त्रलाई आयकरको दायरामा ल्याउन गर्नुपर्ने सुधार, भन्सार मूल्यांकन प्रणालीमा गर्नुपर्ने सुधार, सामाजिक सुरक्षा करको अवधारणा, राजस्व प्रशासनमा गर्नुपर्ने सुधार लगायतका विषयमा अन्तराष्ट्रिय अभ्यास समेतका आधारमा विस्तृत अध्ययन गरी विभिन्न नीतिगत र कार्यान्वयनका सुझावहरू तयार पारेको छ। यस्तै आयोगले नेपालमा कर सहभागिताको स्तर न्यून हुनुका कारणहरू विश्लेषण गर्दै कर सहभागिता नगर्ने माथि हुनुपर्ने कारबाहीको विषयमा पनि सरकारलाई सुझाव प्रस्तुत गरेको छ। आयोगले हालै गएको विनाशकारी भूकम्प पछि सरकारलाई भूकम्प पिडितहरूको पुनर्स्थापना तथा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि आवश्यक पर्ने वित्तीय श्रोतको आवश्यकता पुरा गर्न कर नीतिको कार्यान्वयनमा सक्षमतासहित कर परिपालना गराउन कर प्रशासनको प्रभावकारिता बढाई कर सक्षमता र कर संकलनबीचको अन्तराल घटाउने विषयमा पनि सुझाव प्रस्तुत गरेको छ। कार्यक्रममा अर्थ मन्त्रालयका सचिव श्री सुमनप्रसाद शर्मा र राजस्व सचिव श्री नवराज भण्डारीको पनि उपस्थिति थियो ।

वर्ष २, अङ्क १२, २०७२ जेठ Vol 2, Issue 12, June 2015

# आयोगद्वारा कानुन व्यवसायीहरुसंग छलफल





महानिर्देशक श्री चुडामणि शर्मा, आयोगका अध्यक्ष डा. रुपबहादुर खड्का लगायत अन्य पदाधिकारीहरु

काठमाडौं । आन्तरिक राजस्व विभागको आयोजनामा उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग र कानुन व्यवसायीहरुसँग विद्यमान कर प्रणाली सुधार सम्बन्धी विषयमा अन्तर्क्रिया सम्पन्न भएको छ ।

अन्तर्क्रिया कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कानुन व्यवसायीहरुबाट अत्यन्तै सारगर्भित सुझावहरु प्राप्त भएको बताउनुभयो । उहांले आयोगको तर्फबाट देशव्यापी रुपमा सुन्ने, सुनाउने र सुधार्ने कार्यका लागि सुझाव संकलन गरिएको जानकारी दिनुभयो । कानुन व्यवसायीहरुबाट प्राप्त राय, परामर्श, सुझावलाई प्रतिवेदनमा समेटिने जानकारी दिनुहुँदै नेपालको कर प्रणाली स्वयं कर प्रणालीमा आधारित भएकोले करदाताले गल्ती गर्दैनन् भनेर नै स्वयंकर प्रणाली लागू गरिएको बताउनुभयो ।

कर तिर्नु भनेको राष्ट्र निर्माणमा सरिक हुने अवसर भएको बताउनुहुँदै त्यो भोलिका लागि लगानी पनि रहेको जानकारी दिनुभयो । हामीले राज्यबाट जे अपेक्षा गरेका छौं त्यो पाउनका लागि कर तिर्नुपर्ने तथा सामाजिक न्याय लागू गर्ने पद्दतिको रुपमा करलाई बुझ्नुपर्छ भन्ने उहाँको भनाइ थियो ।

कर कारोवारमा, आयमा र सम्पत्तिमा आधारित रहेको जानकारी दिनुहुँदै विद्यमान कानुनी अवस्था, अप्ठेराहरु के रहेछ ? असल अभ्यास आदर्श, सिद्धान्त के रहेछन् । समाजले के अपेक्षा गरेको छ । कर प्रशासनको आगामी बाटो कस्तो हुने भन्ने हिसावमा आयोगलाई जिम्मेवारी सुम्पिएको जानकारी समेत दिनुभयो । महाभूकम्प पछि मुलुक विपत्तिमा परेकोले वित्त व्यवस्थापनका लागि अतिरिक्त कर कहाँबाट आउनसक्छ ? त्यस तर्फ पनि आयोगले अध्ययन गरिरहेको जानकारी दिनुभयो ।

सैद्धान्तिक, नीतिगत, कानुनी हिसावले नेपालको कर प्रणाली उत्कृष्ट रहेको तथा व्यवस्था र अवस्थामा भएको कमजोरीलाई विश्लेषण गर्न जरुरी भएको बताउनुभयो । कर प्रशासन जहिले पनि करदातालाई शिक्षित बनाउने, सुधार्ने पक्षमा रहेको बताउनुहुँदै आन्तरिक स्रोत साधनको परिचालनले नै नेपालको राजस्वमा ठूलो हिस्सा ओगट्दै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका अध्यक्ष श्री रुपबहादुर खड्काले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमा नेपालको कर प्रणालीको वर्तमान स्वरुप र संरचना उत्कृष्ट रहेको जानकारी दिनुभयो । तर मुलुकको राजनीति तथा आर्थिक अवस्था र अन्तर्राष्ट्रिय प्रतिवद्धताको सन्दर्भमा कर प्रणालीमा केही समायोजनको खांचो भएकोले यसको पुनरावलोकन हुनु पर्ने बताउनुभयो । आयोगले नेपाल सरकारलाई दिएका सुझावको कार्यान्वयनबाट नेपालको कर प्रणाली अझ परिमार्जित हुने समेत अपेक्षा गर्नुभयो ।

उहांले संभाव्य सबै करदातालाई अनुसन्धान वा अनुगमन जस्ता प्रशासनिक माध्यमको प्रयोग गरी करको दायरभित्र ल्याइनु पर्ने बताउनुभयो । करदाताको कर सहभागिता सम्बन्धमा, लेखा पालन र विगतको कर परीक्षण अभिलेखको आधारमा उत्तम, सामान्य र जोखिमपूर्ण वर्गमा वर्गीकरण गर्ने तथा निरन्तर रुपमा क्रेडिट देखाउने करदाताको आन्तरिक राजस्व प्रशासनले स्टक खरीद गर्न सक्ने प्रावधान, मूल्य अभिवृद्धि कर ऐनमा व्यवस्था गर्ने विषय समेत उल्लेख गर्नु भएको थियो । त्यसैगरी दम्पत्तिका लागि दिइने छुट र एकल व्यक्तिलाई दिइने छुट बीच खासै ठूलो अन्तर नभएकोले दम्पत्तिको लागि दिइने छुटको रकम बढाउनुपर्ने, सामाजिक कार्यमा सहयोग गर्न अभिप्रेरित गर्न आयकर प्रयोजनका लागि खर्च कट्टी गर्न पाउने रकमको सीमामा रु १ लाख बाट बढाई रु २० लाख गर्ने, आर्थिक वर्ष २०७२/०७३ र आर्थिक वर्ष २०७३/०७४ मा व्यक्तिगत तथा संस्थागत आयकरमा पुनर्निर्माण सरचार्ज लगाउने जस्ता विषय उल्लेख गर्नु भएको थियो ।

कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सदस्य श्री माधव ढकालले नेपालको कर प्रणाली परिमार्जन, संशोधन तथा सुधार गर्ने कार्यमा आयोगले काम गरिरहेको बताउनुभयो । उहाँले नेपाललाई अल्पविकसित राष्ट्र २०२२ सम्ममा स्तरोन्नतिका लागि राजस्वको भूमिका के हुने भन्ने विषयमा प्रतिवेदन केन्द्रित रहेको जानकारी दिनुभयो । संघीय प्रणालीमा आर्थिक प्रणाली कस्तो हुनुपर्छ भन्ने विषयमा सुझावहरु केन्द्रीत भएको समेत उहाँले बताउनुभयो ।

कार्यक्रमको अध्यक्षता गर्नु भएका नेपाल वार एशोसिएसनका उपाध्यक्ष टिकाराम भट्टराईले नेपालको वर्तमान कर प्रणालीको डिजाइनकर्ता स्वयं रुपबहादुर खड्काको अध्यक्षतामा गठित आयोगले पेश गरेको सुझाव प्रतिवेदनले समग्र कर प्रणाली सुधार हुने अपेक्षा गर्नुभयो ।

वरिष्ठ अधिवक्ता अनिलकुमार सिन्हाले करका कारणले करदाताले पाएको समस्या भोलिका दिनमा नआओस् भन्नका लागि संविधानमा नै स्पष्ट व्यवस्था हुनुपर्ने सुझाव दिनुभयो । व्यवसायीमा आज राज्यमा गरेको लगानी भोलि सामाजिक सुरक्षाका कार्यक्रमहरुबाट फिर्ता हुन्छ भन्ने प्रत्याभूति हुनुपर्ने र व्यवसायीले तिरेको कर कहां प्रयोग हुन्छ भन्ने विषय जनताले थाहा पाउनुपर्ने उहाँको भनाइ थियो ।

अन्य कानुन व्यवसायीहरुले निश्चित अवधि पछि करदाताको छानविन नगर्ने व्यवस्था हुनुपर्ने, पुनर्निर्माण कर धेरै लगाउनु नहुने, छिमेकी देशमा दुईवटा राज्यको बीचमा पानीका विषयमा, करका विषयमा विवाद हुने गरेकोले त्यसतर्फ ध्यान दिन सुझाव दिएका थिए । करदाताहरुले कतिसम्म कर तिर्नुपर्ने हो भन्ने विषयमा करदाताहरु अन्यौलमा परेको, सामाजिक सुरक्षा कर जसरी उठाएको छ त्यो सदुपयोग हुन नसकेको विषय समेत उठान गरेका थिए ।

कार्यक्रममा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका सदस्य श्री सुदर्शनराज पाण्डे, आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपाल घिमिरे, उपन्याधिवक्ता श्री इश्वरीप्रसाद वन्जाडे लगायतको उपस्थिति रहेको थियो ।



व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं ।

# मदिरा व्यवसायीसंग विभागको अन्तर्क्रिया

काठमाडौं । आन्तरिक राजस्व विभागले आउँदो बजेटमा मदिरा तथा सूर्तीजन्य व्यवसायीका मागहरु सम्बोधन गर्न र सरकारले आर्थिक अध्यादेश २०७१ मार्फत् २०७२ वैशाख १ गतेदेखि लागू हुने गरी मदिराको बोतलमा प्लाष्टिकको खोल (स्रिन्क क्याप) लगाउने निर्णयको हालसम्मको कार्यान्वयन स्थितिका बारेमा छलफल गर्न मदिरा उत्पादक संघ, पेय पदार्थ उत्पादक संघ तथा चुरोट उत्पादक संघसँग अन्तर्क्रिया सम्पन्न गरेको छ । छलफल कार्यक्रममा मदिरा उत्पादकहरुले मदिराको बोतलमा प्लाष्टिकको खोल (स्रिन्क क्याप) लगाउने क्रममा अनुभव गरेका व्यावहारिक समस्याहरु प्रस्तुत गर्दै आगामी दिनमा ती समस्याहरुको निराकरणका लागि विभागलाई अनुरोध गरेका थिए ।



मदिरा व्यवसायीहरुसंगको अन्तर्क्रिया कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशक श्री राममणि दुवाडी

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले मदिराको शक्ति र बोत्तलको साइज अनुसार बिर्कोमा लगाइने स्टिकरलाई विदेशमा भएका सफल अभ्यास अनुसार सुधार गर्दै लैजाने बताउनुभयो । विभागले आगामी दिनमा आन्तरिक उद्योगलाई प्रोत्साहन गरेर स्वदेशी र विदेशी मदिराको बिक्री वितरणमा समान व्यवहार गरिने बताउनुभयो । उहाँले महाभूकम्पमा क्षति भएका मदिरा व्यवसायीहरुको तर्फबाट विभागमा प्राप्त गुनासाहरुको तथ्यपरक छानविन गरी यथाशीघ्र विभागमा विवरण पठाउन कार्यालयहरुलाई निर्देशन गरिसकिएको बताउनुभयो । महानिर्देशक शर्माले व्यवसायीका उद्योगमा परेका समस्या कार्यस्थलमै हेर्ने बताउनु भयो । उहाँले हिजोका दिनमा उत्पादनमा सुधार भएको, व्यवसायीहरुको इमान्दारितामा सुधार भएकोले राजस्व वृद्धि भएको पनि बताउनुहुँदै श्री शर्माले सरकारले आर्थिक अध्यादेशमा आन्तरिक राजस्व विभागले तोकेको मितिदेखि लागू हुने भनी स्रिन्क क्याप लगाउने निर्णय गरेकाले यस निर्णयमा हाल तलमाथि नहुने तर भविष्यमा आवश्यक सुधार गर्दै जाने समेत बताउनुभयो । व्यवसायीकै माग अनुसार आर्थिक ऐनमा व्यवस्था भएर राज्यले मदिराको बिर्कोमा स्रिन्क क्याप लगाउने निर्णय गरेको बताउनुभयो ।

उपमहानिर्देशक श्री राममणि दुवाडीले व्यवसायीका समस्याहरुको सुनुवाइका लागि विभाग अन्तर्गत ५ वटा कार्यदल गठन भएको बताउनुहुंदै मदिरा व्यवसायीका जायज नीतिगत मागहरुलाई ती कार्यदलका प्रतिवेदनमा समावेश गरी आगामी आर्थिक वर्षको बजेट मार्फत् समाधान गर्न पहल गरिने बताउनुभयो । उहांले बजारमा सक्खरको माग बढी भएको मदिरा व्यवसायीको गुनासोबारे चासो देखाउदैं यसबाट अवैध मदिरा बन्न सक्ने हुँदा आगामी दिनमा त्यसको उचित अनुगमन तथा व्यवस्थापन गर्नुपर्ने विभागको धारणा रहेको जानकारी गराउनुभयो

कार्यक्रममा मदिरा उत्पादक संघका अध्यक्ष श्री रवि केसीले महाभूकम्पबाट मदिरा व्यवसायमा क्षति पुगेकोले सरकारले व्यवसायीको समस्या सम्बोधन गरिदिनुपर्ने बताउनुभयो । वैशाख १ गतेदेखि नै राज्यले लागू गरेको स्रिन्क क्याप लगाउने निर्णय मदिराका उद्योगीहरुले कार्यान्वयन गरेको बताउनुहुंदै राज्यले दिएको नियम कानुनलाई पालना गर्नुपर्छ भन्ने व्यवसायीको मान्यता भएको बताउनुभयो । उहांले स्रिन्क क्याप स्वदेशी विदेशी दुवै मदिरामा समान रुपमा लगाएमा मात्र न्यायोचित हुने बताउनुहुंदै आगामी दिनमा स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने खालका कार्यक्रम सरकारले ल्याउनुपर्ने बताउनुभयो । चीनी मिलबाट उत्पादन हुने मोलासिस हाल नेपालबाट निर्यात मात्र गर्न पाइने तर भारतबाट आयात गर्न पाउने सुविधा नभएको बताउनुहुदै यस्तो एकोहोरो नीतिले स्वदेशी उद्योगीलाई रेक्टिफाइड स्प्रिटको अभाव झेल्नुपरेको बताउनुभयो । साथै उहांले राज्यले राजस्वको दर बढाउने भन्दा दायरा विस्तार गर्नु पर्ने बताउनुभयो ।

नेपाल पेय पदार्थ उत्पादक संघका अध्यक्ष श्री रमेश श्रेष्ठले विद्यमान अवस्थामा पेय पदार्थहरुमा राज्यले लगाएका नीति नियममा पुनरावलोकन हुनुपर्ने बताउनुभयो । कार्यक्रममा आयातित मदिरा व्यवसायीका तर्फबाट श्री अनिल अग्रवालले स्रिन्क क्यापको प्रयोगभन्दा स्टिकर, होलोग्रामको प्रयोग गर्नु नियन्त्रण तथा व्यवस्थापनका दृष्टिले ठिक हुन भएकोले त्यसको प्रयोगमा जोड दिन आग्रह गर्दै विदेशबाट आउनेले एयरपोर्टबाट १.५ लिटर मात्रै मदिरा ल्याउन पाउनेमा जति पनि मदिरा ल्याइ राखेकोले यसमा नियन्त्रण गर्न आग्रह गर्नुभयो । उहांले स्रिन्क क्याप प्लास्टिकबाट बन्ने भएकोले मुलुक प्लाष्टिक मुक्त बन्न लागेको अवस्थामा यसको प्रयोग पर्यावरणीय तथा वातावरणीय हिसावले पनि गलत भएको बताउनुभयो ।

कार्यक्रममा मदिरा उद्योगीहरुले हरेक सालको बजेटमा अन्तशुल्कको दर बढ्दै जाने भन्सार दर घट्दै जाने गर्दा विदेशी मदिरामा आयात बढ्ने स्वदेशी उद्योग धन्दा धराशायी हुने चिन्ता प्रकट गरे । मदिरा उद्योगहरुले ठूलो मात्रामा रोजगारी सिर्जना गरेको र राज्यलाई ठूलो मात्रामा कर तिरेकोले यसको संरक्षण गर्नु राज्यको दायित्व हुने समेत बताए ।

वर्ष २, अङ्क १२, २०७२ जेठ Vol 2, Issue 12, June 2015

# आन्तरिक राजस्व कार्यालय, काठमाण्डौं क्षेत्र नं. १



## परिचय

आन्तरिक राजस्व कार्यालय, काठमाण्डौ क्षेत्र नं. १ को स्थापना तत्कालिन कर कार्यालय, काठमाडौं क्षेत्र नं. १ र २ तथा मूल्य अभिवृद्धि कर कार्यालय, काठमाण्डौंको आंशिक कार्यक्षेत्रलाई गाभेर २०५८ साउनमा भएको हो। करदातामैत्री वातावरण सृजना गर्ने, उत्कृष्ट करदाता सेवा प्रदान गर्ने, कार्यालयको निर्दिष्ट वार्षिक संकलन लक्ष्यका साथै वार्षिक कार्यगत लक्ष्यहरु पूरा गर्ने, सूचना र तथ्यमा आधारित अनुसन्धानात्मक क्रियाकलाप मार्फत कर चुहाबट नियन्त्रण गर्ने, कर कानूनको प्रभावकारी कार्यान्वयन गर्ने, कर परीक्षण कार्यलाई जोखिममा आधारित र गुणात्मक बनाउने र आन्तरिक राजस्व बिभागको पाँच बर्षे रणनीतिक योजना र तीन बर्षे सुधार योजनाको कार्यान्बयनमा सहयोग पुर्‍याउने यस कार्यालयको उद्देश्य रहेको छ।

काठमाडौं महानगरपालिका वडा नं. १, ६, ७, ८, ९, १०, ३१, ३२, ३३, ३४ र ३५ तथा काठमाडौं जिल्लाको पूर्वी भेगका गोकर्णेश्वर, शंखरापुर र कागेश्वरी मनहरा गरी ३ नगरपालिकाका वार्षिक रु. ५ करोड देखि ४०करोड (वित्तीय संस्था, मेडिकल कलेज र ठेक्का व्यवसाय गर्ने करदाताको हकमा २५ करोड) सम्म कारोवार गर्ने करदाता यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका छन्। यस कार्यालय अन्तर्गत ८५० करदाता रहेका छन्। जसमध्ये मू.अ.कर तर्फ दर्ता करदाता ६९० छन्। भौतिक पूर्वाधार तर्फ २०७२ साल वैशाख १२ र २९ गते आएको विनाशकारी महाभूकम्पले कार्यालय भवनमा व्यापक क्षति भै हाल कार्यालय भवन सञ्चालनमा आउन सकेको छैन। कार्यालय कम्पाउण्डमा रहेको टहराबाट कार्यालय सञ्चालन भै रहेको छ।


दरवन्दी तथा पदपूर्तिको अवस्था : कार्यालयको दरवन्दी तथा पदपूर्तिको व्यवस्था देहको तालिकामा प्रस्तुत गरिएको छ।

| पद | सेवा, समूह र श्रेणी | दरबन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| प्रमुख कर प्रशासक | प्रशासन, सामान्य प्रशासन्र,रा.प.प्रथम | १ | १ | |
| प्रमुख कर अधिकृत | प्रशासन, राजस्व, रा.प.द्धितीय | ६ | ६ | |
| कर अधिकृत | प्रशासन, राजस्व, रा.प.तृतीय | १९ | १९ | |
| सूचना प्रविधि अधिकृत | विविध, रा.प. तृतीय | १ | ० | रिक्त |
| कम्प्युटर अधिकृत | विविध, रा.प. तृतीय | २ | २ | |
| शाखा अधिकृत | प्रशासन, सा.प्र., रा.प. तृतीय | १ | १ | |
| लेखा अधिकृत | प्रशासन, लेखा, रा.प. तृतीय | १ | १ | |
| नायब सुब्बा | प्रशासन, राजस्व, रा.प.अनं.प्रथम | ६ | ८ | २ जना बढि |
| लेखापाल | प्रशासन, लेखा, रा.प.अनं.प्रथम | १ | १ | |
| डा.इ.सु | विविध, रा.प.अनं. प्रथम | १ | १ | |
| टा.ना.सु | प्रशासन, रा.प. अनं. प्रथम | १ | १ | |
| खरिदार | प्रशासन, राजस्व, रा.प.अनं.प्रथम | फाजिल | १ | |
| हलुकासवारी चालक | श्रेणीविहिन | फाजिल | ५ | |
| कार्यालय सहयोगी | श्रेणीविहिन | फाजिल | २ | |
| जम्मा | | ४० | ४९ | |

माथि प्रस्तुत तालिकाको अतिरिक्त डाइसु २, हलुका सवारी चालक १, र कार्यालय सहयोगी १ गरी जम्मा ५ जना करार सेवामा लिई कार्य सम्पादन गराइएको छ।

## कार्यालयको कार्यप्रवाह तालिका:

कार्यालयको कार्यप्रवाह तालिका देहाय अनुसार रहेको छ।




## बार्षिक बजेट तथा कार्यक्रम

आर्थिक वर्ष २०७१/०७२ मा यस कार्यालयको लागि चालु तर्फ रु. ३ करोड ७७ लाख ४९ हजार र पूँजीगततर्फ रु. ५३ लाख बजेट विनियोजन भएकोमा २०७२ वैशाखसम्म चालु र पूँजीगत खर्चमा क्रमशः ८० प्रतिशत र २० प्रतिशत खर्च भएको छ।

## अभिलेख व्यवस्था:

करदाताको दर्ता भए देखिका सम्पूर्ण विवरण रहेको फाइललाई कम्प्युटर सफ्टवेयर मार्फत



अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं।

सवै फाइलहरु खोजेको वखत तुरुन्तै फेला पार्न सकिने गरी व्यवस्थित गरिएकोमा भूकम्पका कारण फाइल र्‍याक ढलेर फाइलहरु यत्रतत्र भएको अवस्था छ।

## लक्ष्य र प्रगतिः

यस कार्यालयको लागि चालु आर्थिक वर्षमा तोकिएको राजस्व संकलनको लक्ष्य र वैशाख मसान्तसम्मको प्रगति निम्नानुसार रहेको छ।

- मू.अ. कर ऐन, २०५२ को दफा ८(२) अनुसार Reverse VAT को Issue लाई Established गरी VAT Assesment गरिएको।
- विभागवाट अनुमती लिएर म्याद जाने फाइलहरुको समेत VAT Assesment गरिएको।
- PIT को आधारमा समेत कर निर्धारण गरिएको।

रु.हजारमा

| राजस्व शिर्षक | वार्षिक लक्ष्य | वैशाख सम्मको लक्ष्य | वैशाख सम्मको संकलन | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| आयकर | १,६४,७५,९३ | १,२५,८५,९६ | १,२७,४२,२५ | १०१.२४ |
| घरवहाल कर | २२,६४,१६ | २०,७४,८९ | ७,०९,४१ | ३४.१९ |
| ब्याज कर | १२,७४,४७ | १२,१८,५४ | ५,२३,२१ | ४२.९४ |
| मू.अ.कर | १,४२,९२,४७ | १,१७,४४,७४ | ७९,९६,०४ | ६८.०८ |
| स्वास्य सेवा कर | २,४१,७३ | २,२४,६१ | १,५८,९२ | ७०.७६ |
| शिक्षा सेवा शुल्क | १,९८,७२ | १,४८,३३ | १,३९,२८ | ९३.९० |
| जम्मा | ३,४७,४७,४८ | २,७९,९७,०७ | २,२२,६९,११ | ७९.७१ |

यस कार्यालय अन्तर्गतका करदाताहरुले श्रावण र भाद्र महिनाको बुझाउनु पर्ने राजस्व रकम करदाता सेवा कार्यालयमा नै दाखिला गरेको र माघ सम्म पनि अधिकांश करदाताले दाखिला गर्नुपर्ने राजस्व रकम करदाता सेवा कार्यालयहरुमा दाखिला गरेकोले राजस्व संकलन लक्ष्य अनुसार नपुगेको हो।

## सम्पादन गरिएका उल्लेख्य कार्य

- आयकरको मुख्य आधार TDS हुने हुँदा यसतर्फ विशेष ध्यान दिँदै सवै कलेज, गैरसरकारी संस्थाको TDS Audit सम्बन्धी कार्ययोजना तयार गरी Audit गरिएको।
- कार्यालयको कार्यक्षेत्र भित्र नपर्ने तर यस कार्यालय अन्तर्गत Log- On रहेका करिव ११०० करदाताको log on / log off गरिएको।
- करदाताहरुलाई Mobile SMS मार्फत कर दाखिला गर्न तथा विवरण बुझाउन अनुरोध गरिएको।
- जफत भएका मदिरा तथा पुराना र काम नलाग्ने जिन्सी तथा कवाडी सामान लिलामी गरिएको।
- करदाताको अवस्थाको विश्लेषण गरी Functional Indicator संग आवद्ध गरी कार्यसम्पादन गर्ने गरिएको।
- लगातार Credit हुने करदाताको सूची तयार गरी Current Year Audit गर्ने गरिएको।
- करदातालाई कानुनी कारवाही गरी वक्यौता असुली गरिएको।

## कार्यसम्पादनको क्रममा आइपरेका समस्याहरु

- २०७२ साल वैशाख १२ र २९ गते आएको विनाशकारी भूकम्पका कारण कार्यालयको भवन बस्नै नमिल्ने गरी क्षति भएकोले कार्यालयको कार्य सम्पादनमा समस्या आएको।
- यस कार्यालय अन्तर्गतका करदाताहरुले श्रावण र भाद्र महिनाको बुझाउनु पर्ने राजस्व रकम करदाता सेवा कार्यालयमा नै दाखिला गरेको र माघ सम्म पनि अधिकांश करदाताले दाखिला गर्नुपर्ने राजस्व रकम करदाता सेवा कार्यालयमा दाखिला गरी कार्यालयमा विवरण रुजु गर्न आउने गरेकोले कार्यालयले लक्ष्य अनुरुप राजस्व संकलन गर्न नसकिएको।
- स्थायी लेखा नं. र ठेगाना उल्लेख नभएका व्यक्तिको नाम मात्र भएका करदाताको बक्यौता असुलीमा समस्या भएको।

## समस्या समाधानका लागि गरिएका प्रयास

- शहरी विकास तथा भवन निर्माण विभागबाट भूकम्पबाट क्षति भएको कार्यालय भवनको परीक्षण गराउने प्रयास भै रहेको छ।
- यस कार्यालय अन्तर्गतका करदातालाई यसै कार्यालयको कम्पाउण्ड भित्रको एभरेष्ट बैंकको राजस्व संकलन काउण्टरमा राजस्व दाखिला गर्न करदातालाई Mobile SMS र फोनबाट जानकारी गराइएको छ।
- बक्यौता शाखासंग समन्वय गरी बक्यौता फरफारक गर्न पहल भै रहेको छ।

## आगामी योजना

चालु आ.व.को राजस्व संकलन तथा कार्यगत लक्ष्यहरु हासिल गर्न तथा सक्षम कर प्रशासनको उपस्थितिलाई सुनिश्चित गर्नको लागि कार्यालयको आगामी कार्यदिशा निम्नानुसार रहेको छ :

- पारदर्शी, जिम्मेवार, करदातामैत्री एवं उत्तरदायी कार्यालयको रुपमा स्थापित हुने,
- करदाता शिक्षाको माध्यमवाट कर प्रशासनप्रति आम नागरिकको सकारात्मक सोच प्रवर्द्धन गर्ने,
- राजस्व जोखिम, व्यवसायको प्रकृति समेतका आधारमा छनौट गरी कर परीक्षण गर्ने,
- कर परीक्षण र कर अनुसन्धानमा गुणात्मक सुधार ल्याउन अधिकतम प्रयास गर्ने,
- वजार अनुगमनवाट सूचना संकलन तथा विश्लेषण गरी सूचनामा आधारित अनुसन्धान प्रकृयाको अवलम्वन गर्ने।
- आयकर र मू.अ.कर बक्यौता असूली कार्यलाई प्रभावकारी बनाइने,
- वेरुजु र वक्यौता रहित कार्यालयको रुपमा स्थापित गर्न अधिकतम पहल गर्ने।

## अन्य निकायसंगको अपेक्षा

यस कार्यालयले उद्योग वाणिज्य संघ, प्रशासन, प्रहरी प्रशासन, भन्सार, राजस्व अनुसन्धान लगायत सम्वन्धित निकायहरुसंग आवश्यक समन्वय गरी कार्यसम्पादन गर्दै आएको छ। हालै आएको विनाशकारी भूकम्पका कारण कार्यालय भवनमा क्षति भएकोले सो स्थानमा भूकम्प प्रतिरोधी नयाँ कार्यालय भवन निर्माणका लागि अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागबाट सहयोगको अपेक्षा गरिएको छ।

## अन्त्यमा

करदातामैत्री कर प्रशासन : सुशासन र समृद्धि हाम्रो अभियान भन्ने नारालाई सार्थकता दिन कार्यालयमा उपलब्ध जनशक्ति, भौतिक साधन तथा सूचना प्रविधिको अत्याधिक उपयोग गरी कार्यसम्पादन गर्नेतर्फ कार्यालय प्रतिवद्धता रहेको छ।

# आन्तरिक राजस्व कार्यालय, धरान




## परिचय

आन्तरिक राजस्व कार्यालय धरानको स्थापना वि.सं. २०५८ सालमा भएको हो । नेपाल सरकारले २०५८ सालमा तत्कालिन अन्त:शुल्क विभाग, कर विभाग तथा मूल्य अभिवृद्धि कर विभागको समेतको एकिकरण गरी आन्तरिक राजस्व विभागको स्थापना गरे सँगै यस कार्यालयको स्थापना भएको हो । प्रारम्भिक कालमा हालको भानुचोक स्थित पुरानो कर कार्यालयको भवनबाटै यसको प्रशासन गरिएकोमा वि.सं. २०५८ साल पश्चात् साविकको कार्यालयमा नयाँ भवन निर्माण गरी कार्यालय सञ्चालनमा आएको हो । करिब ५३ हजार ६ सय ५३ करदाताहरुलाई प्रत्यक्ष परोक्ष रुपमा सेवा पुऱ्याइरहेको छ ।

## कार्यालयको अवस्थिति तथा कार्यक्षेत्र

धरान नगरपालिकाको वार्ड नंम्बर १६ भूपिमार्ग स्थित कार्यालयले एक बिगाहा जमिन चर्चेको छ । जसमा एउटा मुख्य प्रशासनिक भवन तथा तीनवटा कर्मचारी आवास भवनहरु रहेका छन् । धरानको भानुचोकमा तेह्र धुरमा बनेको १४ कोठाको भवन समेत कर्मचारी आवासको रुपमा प्रयोग भइरहेको छ । कार्यालयको कार्य क्षेत्र अन्तर्गत कोशी अञ्चलका पाँचवटा जिल्ला सुनसरी, धनकुटा, तेह्रथुम भोजपुर तथा संखुवासभा जिल्लाहरु पर्दछन् । दुर्गम पहाडी जिल्लाका करदाताहरु तथा व्यवसायीहरुलाई धरानमा रहेर करदाता सेवा प्रदान गरी रहेको यस कार्यालयले भौगोलिक जटिलताको कारण पहाडी क्षेत्रका करदाताहरुलाई अपेक्षित रुपमा प्रभावकारी सेवा प्रदान गर्न सकिएको छैन, तथापी करदातालाई राज्यले प्रदान गरेका सेवा तथा सुविधा र कर प्रशासन सम्बन्धमा जानकारी गराउनको लागि घुम्ती सेवा प्रदान गर्ने, समय समयमा करदाताहरुसँग उनीहरुलाई पायक पर्ने स्थानमा गइ अन्तरक्रिया एवं छलफल गर्ने गरिएको छ । यस कार्यालयको कार्य प्रवाह तालिका यस प्रकार रहेको छ ।




## वार्षिक बजेट:

चालू वर्षको स्वीकृत बजेट रु ३ करोड आठ लाख ८८ हजार ५०५ रहेको छ । जसबाट कार्यालयका दैनिक कार्य सञ्चालन तथा इटहरीस्थित करदाता सेवा कार्यालयको निर्माणाधीन भवनको निर्माणकार्य समेत सञ्चालन भैरहेको छ ।

## दरबन्दी तथा पदपूर्ती

यस कार्यालयमा पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| पद | दरबन्दी संख्या | विशेष दरबन्दी | पूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|
| प्रमुख कर अधिकृत | १ | ० | १ | ० | |
| कर अधिकृत | ६ | ० | ६ | ० | |
| कम्प्युटर अधिकृत | २ | ० | २ | ० | |
| ना.सु | ९ | ० | ५ | १ | |
| लेखा अधिकृत | १ | ० | १ | ० | |
| टा.ना.स. | १ | ० | ४ | ० | ३ फाजिल |
| सेवा करार डा.ई.सु | ० | ० | ४ | ० | |
| सवारी चालक | ० | ० | २ | ० | |
| कार्यालय सहयोगी | ० | ० | ३ | ० | ३ फाजिल |
| सुरक्षा गार्ड करार | ० | ० | ३ | ० | |
| जम्मा | २१ | ० | ३१ | १ | |

**लक्ष्य तथा प्रगति :** यस कार्यालयले चालू आ.व.को राजस्व असूली २०७२ वैसाख सम्म हाँसिल गरेको राजस्व संकलनको लक्ष्य तथा प्रगति देहाय अनुसार रहेको छ ।

| शीर्षक | लक्ष्य | असूली | प्रगति प्रतिशत |
|---|---|---|---|
| आयकर | ५३६८४९ | ५४०७०७ | १००.७२ |
| घरबहाल कर | ४७०७६ | २९८५३ | ६२.८४ |
| ब्याजकर | २६७२७ | २७५७१ | १०३.१६ |
| मु.अ. कर | ५२४०२१ | ४५१३७९ | ८६.१४ |
| शिक्षा सेवा कर | ६१६८ | ५२५५ | ८५.२० |
| स्वास्थ्य सेवा कर | २३०१ | २२८५ | ९९.३२ |
| अन्त:शुल्क | ३३४७९८ | ३२३३२५ | ९६.५७ |
| जम्मा | १४७७९४० | १३८०१०४ | ९३.३८ |

## तीन वर्षको राजस्व संकलन अवस्था

| आ.व. | आ.व.२०६८/०६९ | | | आ.व.२०६९/०७० | | | आ.व.२०७०/०७१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शीर्षक | लक्ष्य | असूली | प्रगति ५ | लक्ष्य | असूली | प्रगति ५ | लक्ष्य | असूली | प्रगति ५ |
| आयकर | ३६१०५४ | ४३३३४४ | १२० | ५३१११७ | ५३९८२० | १०२ | ६२८८८३ | ६२८८०७ | ९९.९ |
| घरबहाल कर | १८९८६ | १९१०२ | १०१ | २५२९६ | २६८२४ | १०६ | २९३०३ | ३३६४० | ११५ |
| ब्याजकर | १९४५६ | २०६२५ | १०६ | २५२६० | २६७३९ | १०६ | २९११३ | २९५२७ | १०१ |
| मु.अ. कर | ३७२६३७ | ३२२५३६ | १०३ | ४६६३९५ | ५४१४३७ | ११६ | ६१४५८२ | ६०३७४१ | ९८.२४ |
| शिक्षा सेवा कर | ४०६० | २९२४ | ७२ | ३६३९ | ४०४९ | १११ | ५२४३ | ५३६९ | १०२.४ |
| स्वास्थ्य सेवा कर | | १८२० | | | २३८५ | ८१ | २६७३ | २१५५ | ८१ |
| अन्त:शुल्क | २२३६२३ | | ८५.६७ | २४५९१७ | २४५६८९ | १०० | ३१९८५७ | ३५१९७६ | ११० |
| जम्मा | ९९९८१६ | १०५१९३५ | १०५.२१२ | १२९७६२४ | १३८६९४१ | १०७ | १६२९६४५ | १६५५२१७ | १०२ |

### अभिलेख व्यवस्थापन

करदाताको दर्ता भएदेखिका सम्पूर्ण कागजातको अभिलेखिकरण गर्ने कार्य भइरहेको छ। फाइल शाखालाई व्यवस्थित गर्नको लागि स्थायी लेखा नम्बर (PAN) को क्रममा मिलाई राखिएको तथा कम्प्युटरबाट फाइल खोज्ने कार्यको लागि सबै फाइलहरुको कम्प्युटर डाटा प्रविष्टि गर्ने कार्य आरम्भ गरिसकिएको छ। दशौं बर्ष भन्दा पुराना फाइलहरु पनि कर प्रयोजनको लागि महत्वपूर्ण हुने भएकोले पुराना फाइलहरु समेत क्रम मिलाएर राखिएको छ।

### सम्पन्न भएका मुख्य कार्यहरू

करदाताको कर सम्बन्धी समस्याहरुलाई सुल्झाउँदै हरेक वर्ष बजेट वक्तव्य सँगै सार्वजनिक गरिने आर्थिक ऐनले करदाताहरुलाई प्रदान गर्ने गरेको सुविधा वा छुट तथा कर प्रशासन सम्बन्धी पछिल्ला गतिविधिहरुको जानकारीको लागि विभिन्न स्थानमा गई करदाता शिक्षा, व्यवसायी तथा करदाताहरुसँग गरिने अन्तरक्रिया एवं छलफल कार्यक्रमबाट कर चेतनाको विस्तार गर्ने गरिएको छ। समय समयमा करदाताहरुलाई eTDS गर्ने सम्बन्धी जानकारी गराइने गरिएको तथा मूल्य अभिवृद्धि कर तथा आयकरको कर विवरण दाखिला तथा रुजु गर्ने कार्य online मार्फत गरिने गरेको छ। कार्यालयको कार्यक्षेत्र संखुवासभा, भोजपुर तथा तेह्रथुम जस्ता विकट पहाडी जिल्ला समेत पर्ने गरेकोले तथा तत्तत् जिल्लाका सबै करदाताहरुले कम्प्युटरबाट विवरण प्रविष्ट गर्ने कार्यमा यदाकदा कठिनाइ उत्पन्न हुने गरेकोले कार्यालयमानै सहयोग कक्ष राखि आफैं विवरण भर्न नजान्ने करदाताहरुलाई विवरण भरिदिने गरिएको छ। त्यस्तै उद्योग वाणिज्य संघ सुनसरीको सहकार्यमा समेत कार्यालय परिसरमानै एक सहयोग कक्ष स्थापना गरी करदाताहरुलाई आवश्यक सहयोग एवं परामर्श दिने गरिएको छ।

यसप्रकारले आन्तरिक राजस्व कार्यालयले राज्यको राजस्व नीति तथा कार्यक्रमलाई आत्मसात गर्दै करको दायरा विस्तार गर्ने तथा राज्य संचालनको लागि आवश्यक राजस्व रकम असूल गर्ने कार्य गरी आएको छ।

- यस कार्यालयको आयोजनामा सुनसरी जिल्लाका तरहरा, दुहवी, इनरुवा, लौकही, चतारामा धनकुटाको हिले बजारमा, संखुवा सभाको खाँदवारी बजारमा, भोजपुरको भोजपुर बजारमा र तेह्रथुमको म्याङलुङ बजारमा घुम्ती शिवीर तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- आ.व. २०७१/०७२ को हाल सम्ममा थप १२ हजार ७ सय ६१ करदातालाई करको दायरामा ल्याइएको।

### समस्याहरू

- करदाता सेवा कार्यालय ईटहरीमा न्यून भौतिक पूर्वाधार र न्यून जनशक्ति।
- व्यवसाय बन्द गरी फरार भएका र बैंकबाट सम्पति लिलाम भएका करदातालाई कानुनी कारवाही गरी बक्यौता असुल गर्न कठिनाई भएको।
- नन् फाइलरको संख्यात्मक वृद्धि भएको सन्दर्भमा अधिकांश पुराना करदाताहरु खासगरी निर्माण सेवा (ठेकेदार तथा जे.भी.) हरुलाई पत्तालगाउन गाह्रो भइ सम्पर्कमा नआएको।
- कार्यालयको कार्यक्षेत्र ज्यादै ठूलो भएकोले समय समयमा अनुगमन गर्न नसकिएको तथा दुर्गम जिल्लाका थुप्रै करको दायरामा आउन सक्ने करदाताहरु दायरा बाहिर रहेको।

## जस्ता पाता उद्योगीहरूसँग विभागको छलफल

काठमाडौं। २०७२ साल बैशाख १२ तथा २९ गतेको महाभूकम्पले ठूलो धनजनको क्षति भएकोले आवासमा समस्या परेका व्यक्ति तथा परिवारलाई अस्थाई रुपमा राहत दिन नेपाल सरकारबाट प्रत्येक घर परिवारलाई अस्थायी वसोवास गर्न जस्तापाता खरिदका लागि रु १५ हजार दिने निर्णय भए पश्चात् जस्तापाताको बजारमा सहज आपूर्तिको समस्या देखिएकाले यस सम्बन्धमा आन्तरिक राजस्व विभागमा वाणिज्य विभाग, उद्योग विभाग, गुणस्तर तथा नापतौल विभागका महानिर्देशक तथा सम्बन्धित जस्तापाता उत्पादकहरुसंग छलफल गरियो।

यस सम्बन्धमा उद्योगीहरुले बैशाख ११ गते अगाडि कै मूल्यमा जस्तापाता बिक्री बितरण गर्ने तथा उद्योगले प्रकाशित गरेको मूल्य सूची सबै उद्योगले सर्वसाधारण समेतलाई जानकारी गराउन आफ्नो वेभ साइटमा राख्ने व्यवस्था मिलाउने र उद्योगका डिलर एवं वितरक समेतलाई तोकिएको मूल्यमा नबढ्ने गरी बिक्री बितरण गर्न सचेत गराउने प्रतिवद्धता व्यक्त गरेका थिए। डिलर तथा वितरकले बिक्री बिजक जारी गर्दा बिक्री भएको बस्तुको मोटाई, वजन जस्ता सवै विवरण खुलाउने साथै अस्वभाविक खरिद गर्ने व्यक्ति तथा निकायको पूर्ण विवरण लिएर मात्र बिक्री गर्ने र सो अनुसार भए नभएको अनुगमन गरी सो नभएको पाइएमा आवश्यक कारवाही गर्ने विषयमा जस्तापाता उद्योगीहरु सवैले सहमति जनाएका थिए।

यस संकटको अवस्थामा व्यावसायीले आफ्नो पेशागत मूल्य मान्यता एवं व्यावसायिक सामाजिक उत्तरदायित्व समेत निर्वाह गर्न र सरकार, उपभोक्ता एवं नागरिक समक्ष आफ्नो विश्वास अभिवृद्धि गरी राजस्व संकलनमा योगदानका साथै सच्चा शासकीय साझेदारको भूमिका निर्वाह गर्न आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले व्यवसायीलाई आग्रह गर्नु भयो। साथै शर्माले यदि कसैले सरकारको नीति निर्देशन एवं कानून विपरित र जनहित विपरित कार्य गरेमा त्यस उपर कडाईका साथ कारवाही गरिने कुरा पनि उल्लेख गर्नुभयो।

# करदाता सेवा कार्यालय कालिमाटी



## परिचय

आर्थिक क्रियाकलापमा आएको वृद्धिले करदाता संख्यामा ल्याएको बढोत्तरी र कारोवारको विस्तारलाई दृष्टिगत गरी करदाता सेवा कार्यालयको स्थापना गर्न सरकारले ल्याएको नीति अनुरुप यस कार्यालयको स्थापना भएको हो । अतः सरकारी नीति अनुरुप यस सेवा कार्यालयले एकातर्फ करदातालाई नजिकवाट सेवा प्रदान गर्ने लक्ष्य लिएको छ भने अर्कोतर्फ राजस्वको दायरा विस्तार गरी कर सहभागिताको स्तर उच्च वनाउन करदाता मैत्री कर प्रशासनको अवधारणा अंगाली २०६८ असार २४ गते उद्घाटन भै विधिवत रूपमा करदाता सेवा कार्यालय, कालिमाटी स्थापना र संचालन भएको हो ।

करदाता सेवा कार्यालय कालिमाटी का.म.न.पा. वडा नं. १४ कलंकीको चोकवाट दक्षिण पूर्व पट्टि रिडरोडमा अवस्थित छ । यसको कार्यक्षेत्र काठमाण्डौं महानगरपालिका वडा नं. १३, १४ किर्तिपुर नगरपालिका र दक्षिणकाली नगरपालिका (साविकका चान्लाखेल, टल्कुडुडेचौर, छैमले, दक्षिणकाली, सेतीदेवी र शेषनारायण गरी ५ गा.वि.स. हाल दक्षिणकाली नगरपालिकामा परिवर्तन) पर्दछ । २०७२ बैशाख सम्मको तथ्याङ्का आधारमा हेर्दा यस कार्यालयले कूल २४७६९ करदाताको प्रशासन गर्दछ । यस मध्ये व्यवसायिक करदाता १५,४४९ व्यक्तिगत रूपमा पारिश्रमिक, घर वहाल जस्ता कर दाखिला गर्नु पर्ने दायित्व भएका करदाता ९,३२० मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता संख्या ४,३४३ र अन्त:शुल्कजन्य वस्तुको कारोवार गर्ने करदाता संख्या ५५९ छन् । अन्त: शुल्कमा दर्ता मध्ये उत्पादन मुलक व्यवसाय गर्ने करदाता जम्मा १२ रहेका छन् ।

## कार्यप्रवाह तालिका

यस कार्यालयबाट सम्पादन गरिने करदाता सेवा शाखा, संकलन शाखा र कर परीक्षण तथा अनुसन्धान शाखाका कार्यहरुलाई प्रभावकारी ढंगबाट संचालन गर्न र करदातालाई छिटो छरितो सेवा प्रदान गर्नको लागि कार्यालयका प्रत्येक अधिकृत तथा कर्मचारीहरुलाई कार्य जिम्मेवारी तोकिएको र सोही बमोजिम कार्यसंचालन भएको छ । कार्यालयको कार्यप्रवाहलाई देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

## बजेट तथा कार्यक्रम


चालु आर्थिक बर्षमा यस कार्यालयको लागि चालु ब.उ.शि.नं ३०५०२१३ तर्फ रु. १ करोड ७७ लाख ३१ हजार र पूँजीगत ब.उ.शि.नं ३०५०२१४ तर्फ रु.३ लाख समेत गरी जम्मा रु. १८०३१०००। बजेट विनियोजन भएको छ । सो विनियोजित बजेट मध्ये बैशाख महिनासम्ममा चालुतर्फ रु. १ करोड १२ लाख ८८ हजार ७ सय ६४ चौसठिठ अर्थात ६३।६७ प्रतिशत खर्च भएको छ भने पूँजीगत तर्फ रु. २ लाख ३३ हजार ७ सय ७६ अर्थात ८० प्रतिशत खर्च भएको छ । यसै बिनियोजित बजेटको अधिनमा रही यस सेवा कार्यालयले बिभिन्न गतिबिधि एवं कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

## अभिलेख व्यवस्थापन

यस कार्यालयमा दर्ता हुन आएका करदाताहरुको फाइलहरुलाई चाहेको बेलामा तुरुन्त निकाल्न सकिने गरी कम्प्युटर प्रणालीमा (computer system) मा प्रविष्ट गरी लोकेशनमा चुस्त, दुरुस्त र पारदर्शी तरिकाबाट व्यवस्थित गरि राखिएको छ । त्यसै गरि कार्यात्मक लक्ष्य अनुसार सम्पादन गरिएका कार्यहरुको अभिलेख पनि व्यवस्थित गरि राखिएको छ ।

## लक्ष्य र प्रगति:

राजस्व संकलनको लक्ष्य असुली तर्फ विश्लेषण गर्दा यस कार्यालयको आ.व. २०७१।०७२ का लागि राजस्व संकलनको वार्षिक लक्ष्य रु. १ अर्ब ७ करोड २९ लाख २८ हजार तोकिएको छ भने बैशाख महिना



सम्मको लक्ष्य रु. ७९ करोड २ लाख २६ हजार रहेकोमा बैशाख महिना सम्ममा रु. ९२ करोड ८२ लाख १३ हजार संकलन भइ लक्ष्यको तुलनामा ११७।४६ प्रतिशत प्रगति भएको छ। बैशाख महिना सम्मको लक्ष्य अनुसार प्रगति भएको छ। हालै गएको विनासकारी भुकम्पको कारणबाट बार्षिक लक्ष्य हासिल गर्ने कार्य चुनौतिपूर्ण देखिएतापनि कार्यालयले लक्ष्य हासिल गर्ने कार्यलाई अग्र प्राथमिकता राखि कार्य गरेकाले लक्ष्य हासिल हुने कुरामा भने आशावादी छ। राजस्व संकलनको बिगत बर्षको प्रवृत्ति देहाय अनुसार रहेको छ।

## बिगत ३ वर्षको राजस्व संकलनको प्रबृत्ति

रु. हजारमा

| आ.ब. | २०६८।०६९ | २०६९।०७० | २०७०/०७१ |
|---|---|---|---|
| लक्ष्य | ९४४१०३ | ११५४५०८ | १४४९६३१ |
| संकलन | ९५८७९५ | १२०९९४५ | १४८९६८६ |
| प्रतिशत | १०१.५६ % | १०४.८०% | १०२.७६ % |

## सम्पादन गरिएका मुख्य कार्यहरु

- करदाताको सुविधा, दायरा विस्तार र कर कानूनको पालनाको लागि Help Desk को व्यवस्था
- नागरिक वडापत्रको व्यवस्था गरिएको
- छुट्टै कम्प्युटरको व्यवस्था गरी करदातावाट आफै विवरण प्रविष्ट गर्ने व्यवस्था मिलाइएको।
- Everest Bank को Counter कार्यालयमै रहेको।
- करदाता शिक्षाको माध्यमवाट स्वत कर सहभागिता वढाउने प्रयास गरिएको।
- Filing Manegement लाई Computerized गरी सहज सरल र थोरै समयमा फाइल खोज्न सकिने व्यवस्था गरिएको।
- करदाताले खोजेको कर सम्वन्धी विषय र कार्यक्षेत्र भित्र रोजेको स्थानमा करदाता शिक्षा कार्याक्रम संचालन गर्ने गरिएको।
- शत प्रतिशत करदाताको विद्युतीय माध्यमवाट विवरण पेश भएको।

## कार्यालयको कार्य संचालनका समस्याहरु

- कार्यालयको आफ्नो भवन नहुंदा स्थायी रुपमा संरचना निर्माण, रेकर्ड व्यवस्थित गर्ने क्रममा कठिनाइ आउने गरेको।
- पुराना करदाताको सवै रेकर्ड व्यवस्थित नहुंदा वक्यौता राख्ने करदातासँग सम्पर्क गरी वक्यौता असुली गर्न तथा कानुनी कारवाही गर्ने कार्यमा कठिनाई हुने गरेको।
- सम्पर्क फोन न., इमेल तथा ठेगाना थाहा हुन नसक्दा Non Filer को संख्या वढ्दै गई करदातालाई खोज्न नसकिएको।
- कार्यालयको कार्य प्रकृति गत आ. व. भन्दा फरक भै कर परीक्षण अनुसन्धान लगायतका जिम्मेवारी वहन गर्नका लागि अनुभव हासिल गर्दै गरेका कर्मचारीबाट कार्य संचालन गर्नुपरेको।
- पुरानो वक्यौता असुलीमा समस्या।
- करदातामा कर कानुन र E-System सम्बन्धमा पूर्ण जानकारी नहुनु।

## समस्या समाधानका लागि गरिएका प्रयास

विभिन्न व्यवसायी संघहरुको समन्वयमा करदाताले चाहेकै स्थान र समयमा करदाता शिक्षा कार्यक्रम संचालन गरी कर सम्बन्धी जानकारी प्रदान गरिएको। बक्यौता असुली गर्न र Non Filler घटाउनका लागि विभिन्न व्यवसायी संघ मार्फत पहल गरिएको। कार्यलयको Help Desk मा कर्मचारी राखि करदातालाई आवश्यक सहयोग गर्न आफुले लिनुपर्ने सेवा र सो सेवा प्राप्त गर्नुपर्ने शाखाका वारेमा जानकारी दिई सहज रुपमा सेवा प्रवाह गरिएको। विवरण भर्न नजान्ने साना करदाताहरुको लागि कार्यलयकै कर्मचारीहरुबाट कम्प्युटरमा विवरणहरु प्रविष्ट गर्ने व्यवस्था गरिएको। कार्यालयको भवन निमार्ण व्यवस्थाका लागि आन्तरिक राजस्व विभागसँग अनुरोध गरिएको, सूचना प्रविधि र कार्य संचालन सम्वन्धी कर्मचारीलाई सेवाकालीन तालिम दिने सम्वन्धमा विभागसंग अनुरोध हुँदा तालिम कार्यक्रम संचालन हुने निर्देशन प्राप्त भएको।

## आगामी दिनमा गर्नुपर्ने सुधार

- राजस्व संकलनको थप सम्भाब्यता बिश्लेषण गरी कार्ययोजना बमोजिमको लक्ष्य अनुरुप राजस्व संकलन गर्ने।
- बक्यौता संकलनमा थप जोडदिइ अटेर गर्ने करदातालाई कानुनी कारवाही गरेर बक्यौता संकलन गर्ने। बेरुजु न्यूनिकरणमा जोड दिने।
- बजार तथा करदाताको कारोबार स्थल अनुगमन लाई निरन्तरता दिने। Non Filler को संख्या घटाउनको लागि लेखा परीक्षक, करसहयोगीहरुसँग सम्पर्क समन्वय गर्ने। घरबहाल करको दायरा विस्तारमा जोडदिने।
- करपरीक्षण तथा अनुसन्धान लाई थप प्रभावकारी बनाउने।

## अन्य निकायसँगको अपेक्षा

### क) विभागसँग :

- अनुभवी र नयाँ कर्मचारीको संयोजन हुने गरी सरुवा तथा पदस्थापन गर्ने व्यवस्था मिलाउनु पर्ने।
- आवश्यकताअनुसार कार्यस्थलमै तालिम दिने व्यवस्था हुनुपर्ने।
- आफ्नै भवनवाट कार्य संचालनको गर्न भवन निर्माणका लागि वजेट व्यवस्था गर्न पहल गरिदिनुपर्ने।

### (ख) करदातासँग

- समयमा आफ्नो वास्तविक कारोवारको धोषणा गर्ने र कर तिर्ने कर कानुनको पूर्ण रुपमा पालना गर्ने
- करदाता शिक्षाको आवश्यकता भएमा माग गरी करदाता शिक्षाबाट कर सहभागिता बृद्धि गर्ने

### ग) स्थानीय प्रशासन, उद्योग वाणिज्य संघ, पेशागत संघ संग :

- कर कानुनको पालना नगर्ने, कर सहभागिता नजनाउने उपर हुने कानूनी कारवाहीमा सहयोग गर्ने।
- दर्ता हुने, कर तिर्ने लगायतका कार्यमा सहयोग गर्ने।
- आवश्यक परेमा सुरक्षाको प्रत्याभूति दिने।

## अन्य

विगत वर्षहरुमा समग्रमा कार्यालयको कार्यात्मक लक्ष्य प्रगति उत्साहजनरुपक राम्रो रहेको र आ.व. २०६९/०७० मा कार्यालय करदाता सेवा कार्यालयहरुमा उत्कृष्ट कार्यसम्पादन गरी पुरस्कृत भएकोमा आगामी दिनमा समेत सो स्तरको कार्यसम्पादनका लागि प्रयासरत रहेको छ।

# राजस्व संकलन १२ प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७१/०७२ वैशाख मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा करिव १२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७१/०७२ वैशाख महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व २८ अर्व ४० करोड ६३ लाख ६१ हजार रहेकोमा रु. १ खर्व २० अर्व ४२ करोड ६७ लाख ६८ हजार संकलन भई लक्ष्यको तुलनामा ९४ प्रतिशतको प्रगति भएको छ । शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ६६ अर्व ३ करोड ८ लाख ५१ हजार, मूल्य अभिवृद्धि कर रु. ३० अर्व ८३ करोड २५ लाख ४ हजार र अन्त:शुल्क तर्फ रु. २२ अर्व ६३ करोड ४५ लाख ८० हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९४ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९५ प्रतिशत र अन्तशुल्क तर्फ ९१ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. ४० करोड २१ लाख ५७ हजार र रु. ५२ करोड ६६ लाख ७६ हजार संकलन भएको छ। शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ११३ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर तर्फको वृद्धिदर १३ प्रतिशत, मूल्य अभिवृद्धि कर तर्फको वृद्धिदर १४ प्रतिशत, अन्तशुल्कतर्फ वृद्धिदर ९ प्रतिशत, स्वास्थ्य सेवा कर तर्फको वृद्धिदर ३० प्रतिशत र शिक्षा सेवा शुल्क तर्फको वृद्धिदर ५ प्रतिशत रहेको छ।

Sector wise Revenue Collection (upto 2072 Baishakh)

| Sector | Target (Rs bn) | Collection (Rs. bn) | Achieve-ment (%) | Growth Rate (%) |
|---|---|---|---|---|
| Income Tax | 59.17 | 58.84 | 99 | 115 |
| Rental Income Tax | 4.02 | 1.91 | 48 | 112 |
| Interest Income Tax | 6.94 | 5.26 | 76 | 96 |
| Total Income Tax | 70.14 | 66.01 | 94 | 113 |
| VAT (domestic) | 32.51 | 30.83 | 95 | 114 |
| Excise (domestic) | 24.84 | 22.63 | 91 | 109 |
| Education Service Fee | 0.43 | 0.40 | 92 | 105 |
| Health Service Tax | 0.46 | 0.52 | 113 | 130 |
| Grand Total | 128.40 | 120.42 | 94 | 112 |

## सार्क....



सार्क सक्षम अधिकारीहरुको चौथो वैठकमा सहभागीहरु

प्रतिनिधि मण्डलले सहभागिता जनाएको थियो । वैठकमा सातै देशका सक्षम अधिकारीहरु SAARC Limited Multilateral Agreement on Avoidance of Double Taxation and Mutual Administrative Assistance in Tax Matters को संशोधित प्रोटोकलमा सहमत भएका छन्। आगामी पाँचौ वैठक माल्दिभ्समा गर्ने सहमती भएको र माल्दिभ्सले नगर्ने भएमा वर्णानुक्रम अनुसार नेपालले आयोजना गर्ने निर्णय समेत भएको छ। सो वैठकले विभिन्न मुलुकमा ५ वटा विषयमा सार्क स्तरीय सेमिनार सञ्चालन गर्ने प्रतिवद्धता जनाएको छ।

| Topic | Venue | Tentative Schedule |
|---|---|---|
| Audit and Investigation of Multinational Enterprises | Pakistan | 4-8 May 2015 |
| Tax Treaty Negotiations and Application | Nepal | August 2015 |
| Automation and e-payment | Sri Lanka | Nov/Dec 2015 |
| Modern Techniques of Investigation and Intelligence Gathering | India | Jan/Feb 2016 |
| Tax Payers Compliance Management | Pakistan | March 2016 |

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

संरक्षक
चुडामणि शर्मा

संयोजन
दीपक अधिकारी

सल्लाहकार
राममणि दुवाडी
अर्जुनप्रसाद पोखरेल
चन्द्रकला पौडेल
लक्ष्मीप्रसाद यादव

सम्पादन समूह
सम्झना बराल
लालबहादुर खत्री
शिवलाल तिवारी
प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले